विश्वका श्रमिकहरु एकजुट होऔं ! | एकीकृत जनक्रान्ति - जिन्दावाद ! | मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

# नेपाल कम्युनिस्ट पार्टी (माओवादी)
## Communist Party of Nepal (Maoist)
### केन्द्रीय समिति/Central Committee

पत्र संख्या / Serial No :-
चलानी नं / Regd. No :-

मिति: २०८२/05/05

श्री महामहिम राष्ट्रपति रामचन्द्र पौडेल ज्यू,
राष्ट्रपति कार्यालय,
शीतल निवास, महाराजगंज, काठमाण्डौ

**<u>विषय–ज्ञापनपत्र</u>**

महामहिम ज्यू,

नेपालमा जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, जनजाति आन्दोलन, महिला तथा दलित आन्दोलनका परिणाम २०६५ जेठ १५ गते गणतन्त्र स्थापना भयो । गणतन्त्र स्थापना भएपछि, यही २०८२ भदौ २३–२४ गते ऐतिहासिक महत्वको पहिलो जेन-जी विद्रोह भयो । जेन-जी विद्रोह भने पनि सारमा यो नेपाली जनताको नै विद्रोह थियो ।

जेन-जी विद्रोहको मुख्य कारण गणतन्त्रका १८ बर्षभित्र राज्यमा मौलाएको चरम भ्रष्टाचार, संसद्मा देखिएको सत्ता लुछाचुँडी, तस्करी, माफियागिरी, कमिसनखोरी, दलाली, अस्थिरता, अराजकता, बेरोजगारी, चरम दलीयकरण र गूटीयकरण, राष्ट्रघात, नातावाद, कृपावाद थिए भन्ने जगजाहेर छ ।

२३–२४ गतेको जेन-जी विद्रोहमा कलिला विद्यार्थीदेखि जनता, प्रहरी कर्मचारी गरी ७७ जनाको ज्यान गयो । यसले हामी सबैलाई मर्माहत पारेको छ ।

२३–२४ गते उठेको सडक संघर्षमा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध खारेज, भ्रष्टाचार, तस्करी, कमिसनखोरीको निष्पक्ष छानबिन, भ्रष्टाचारीमाथि कडा कारवाही, संविधान संशोधन, कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचन गर्नु पर्ने जस्ता मागहरु उठाइएका थिए ।

निकै ठूलो बलिदानपछि सरकार विघटन भयो, संसद् विघटन भयो, राजनीतिक दलका कार्यालयहरु जले, भ्रष्टसहित नेताहरुका घर जले र सम्पत्ति लुटियो । देशका सम्पत्तिहरु जलेर नष्ट भए । नेताहरुलाई सेनाले सुरक्षा दिनु पर्ने भयो ।

देशमा सरकार विहीनता, अराजकता, असुरक्षाको अवस्थामा नेपाली सेनाको सुरक्षामा राष्ट्रपति ज्यूबाट निकासका लागि गरिएको राजनीतिक पहल सकारात्मक नै थियो । हामीले नयाँ सरकारको निर्माण र निकासका लागि गरिएका सचेत पहलमा सुरुबाटै राजनीतिक शक्ति, व्यक्तिहरुसहित छलफल गरेर सर्वसहमतिको निकास निकालियोस भनेर फराकिला सल्लाह, सुझाव र प्रस्ताव प्रस्तुत गरिराख्यौं । अफसोच नयाँ सरकार बन्दै गर्दा हाम्रा सुझावहरुलाई ध्यान नदिने मात्र होइन विद्रोहका समयमा उठेका मागहरुप्रति बेवास्ता गरियो र आज मागहरु अलपत्र पर्ने स्थिति बन्यो । यति ठूलो विद्रोह र विध्वंशपछि केवल सरकार परिवर्तन र नयाँ चुनावमै सिमित हुने स्थिति देखियो । यसले विद्रोही जेन-जी, जनता, संघर्षरत राजनीतिक शक्ति, आम नागरिक कसैलाई पनि सन्तुष्टि दिन सकेन । देश चुनावतिर कि संघर्षतिर भन्ने दोबाटोमा खडा भएको छ ।

सरकारलाई चुनाव सहजै भइहाल्ने जस्तो लागे पनि स्थिति त्यस्तो छैन । हिजो विद्रोह संगठित गर्ने पुस्ता नै सडकमा उत्रिन थालिसकेको छ । यदि जनताका भावना, अग्रगामी राजनीतिक प्रस्ताव र जेन-जीका आवाजहरुलाई समयमै सुनिएन भने परिस्थिति फेरी पनि विस्फोटक बन्दैन भनेर भन्न सकिदैन । तसर्थ परिस्थितिको यो गम्भीरतालाई मध्यनजर गर्दै हाम्रो जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी(माओवादी)का तर्फबाट तत्काल निम्न मागहरु पुरा गरेर मात्र देशलाई सापेक्षिक शान्ति, स्थिरता र निर्वाचनतिर लैजान सकिन्छ भन्ने मान्यताकासाथ महामहिम राष्ट्रपति ज्यू सामु यो ज्ञापन-पत्र पेस गरेका छौं ।

हाम्रा मागहरु :

१) वर्तमान अन्तरिम सरकारलाई भंगगरी सर्वपक्षीय अन्तरिम सरकार गठन गर्नु पर्छ ।

२) जेन-जी विद्रोहको भावना अनुरुप साथै विशेष परिस्थितिमा अवलम्बन गरिने आवश्यकताको सिद्धान्तलाई प्रयोग गरी संविधानलाई संशोधन गर्नु पर्छ ।

३) २३-२४ गते भएका गोलीकाण्ड र विध्वंसको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कार्वाही गर्नुपर्छ ।

४) संविधान निर्माणदेखि असन्तुष्ट वर्ग, जाति, लिङ्ग, क्षेत्र, समुदाय र युवा लगायतका मागहरुलाई समेटेर संविधानको पुनर्लेखन गर्नु पर्छ ।

५) नयाँ संविधान अनुरुप राज्यको पुनरसंरचना गर्नु पर्छ । राज्यको पुनरसंरचना गर्दा अग्राधिकार सहितको समाजवादी संघीय ढाँचामा गरिनु पर्छ ।

६) राजनीतिक स्थिरताका लागि कार्यकारी प्रमुखको छनौट प्रत्यक्ष निर्वाचनद्वारा गर्नुपर्छ ।

७) राज्यले उच्चस्तरीय भूमि आयोग बनाएर निष्पक्षताका आधारमा छानबिन गर्नु पर्छ । वास्तविक सुकुमवासीलाई वासको सुनिश्चित हुनेगरी जमिन उपलब्ध गराउनु पर्छ ।

८) भ्रष्टाचारको निष्पक्ष छानबिन गर्ने उच्चस्तरीय नागरिक आयोग गठन गर्नु पर्छ ।

९) भ्रष्टाचारीमाथिको मुद्दा हेर्ने शक्तिशाली न्यायलय गठन गर्नु पर्छ । उक्त न्यायलयको फैसला नै अन्तिम फैसला हुनु पर्छ ।

१०) राज्यको सम्पत्ति हिनामिना गर्ने भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गरी जन्म कैद गर्नु पर्छ ।

११) गैर-कानूनी रुपले आर्जन गरेको कालोधनलाई राज्यको मातहत ल्याउन ५ सय र १ हजारका नोटलाई खारेज गरेर नयाँ नोट प्रचलनमा ल्याउनु पर्छ ।

१२) अस्थिर राजनीतिक परिस्थितिमा देशको स्वाधीनता र सार्वभौमिकतामाथि भइ रहेको साम्राज्यवादी हस्तक्षेप रोकी घुसपैठियाहरुलाई कडा कार्वाही गर्नु पर्छ ।

१३) नेपाली मौलिक जनसंस्कृतिमाथि भइरहेको साम्राज्यवादी साँस्कृतिक हस्तक्षेप बन्द गर्नुपर्दछ ।

हाम्रा यी मागहरुलाई १० दिनभित्र सम्बोधन नगरिए सडक संघर्षमा अगाडि बढ्ने जानकारी पनि यसै माग-पत्र मार्फत अवगत गराउन चाहन्छौं । धन्यवाद !

मिति २०८२ पुस ९

विप्लव सी

महासचिव

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)